## ALL INDIA RADIO GANGTOK

## NEPALI NEWS BULLETIN

**BROADCAST: 19:25 hrs** **Date: 24.09.2025**

***शुरूमा यस बुलेटीनका प्रमुख समाचार***

- **केन्द्रीय मन्त्रीमण्डलले आज लगभग 95 हजार करोढ़ रूपियाँका 6 प्रस्तावहरूलाई मन्जूरी दिएकोछ।**
- **विदेशमन्त्री डा एस जयशंकरले 80 औं संयुक्त राष्ट्र महासभा सत्रको बेला आज न्यूयर्कमा ग्लोबल साउथ देशहरूको उच्चस्तरीय बैठकको आयोजना गर्नुभयो।**
- **राष्ट्रपति द्रौपदी मुर्मुले आर्थिक शक्तिको रूपमा भारतको बढ़दों प्रतिष्ठा संगै सांस्कृतिक शक्तिको रूपमा भारतको पहिचानलाई सुदृढ़ पार्न सामूहिक प्रयासको आवश्यकतामा जोढ़ दिनुभएकोछ। राष्ट्रपति भोलि उत्तरप्रदेशको वृन्दावन जानुहुनेछ।**
- **वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलले आगामी 5 वर्षमा स्वच्छ ऊर्जा विस्तार गर्न भारत राम्रो स्थितिमा रहेको बताउनुभएकोछ।**
- **एशिया कप ि□-20 क्रिके□खेलको सुपर 4 मा आज भारतले, बंगलादेशको सामना गर्नेछ। दुबईमा राति 8 बजे यो खेल खेलिनेछ।**

***अब समचार विस्तारमा***

---

***एसिया कप- भारत- बंगलादेश***

एसिया कप टी- 20 क्रिकेट खेलको सुपर फोरमा आज भारतले बेगलादेशको, सामना गर्नेछ। यो खेल दुबईमा राति 8 बजे खेलिनेछ। आजको विजेता फाइनलमा पुग्नेछ। सुपर फोरमा दुवै टोलीले आफ्नो पहिलो खेल जितेका थिए। भारतले पाकिस्तानलाई पराजित गरेका थियो भने बंगलादेशले श्रीलंकालाई पराजित गरेका थियो। हिजो सुपर फोरको खेलमा पाकिस्तानले श्रीलंकालाई पाँच विकेटले पराजित गरेको थियो।

---

***प्रधानमन्त्री- लिलामी***

प्रधानमन्त्री नरेन्द्र मोदीले विभिन्न अवसरमा आफूलाई प्रदान गरिएका उपहार र समृति चिन्हहरूको लिलामीमा भाग लिन नागरिकहरूलाई अपील गर्नुभएकोछ। सामाजिक सञ्चालमा पोस्ट गर्दै प्रधानमन्त्रीले लिलामीबाट प्राप्त रकम,गंगा नदीको संरक्षण र पुनरूत्थानको लागि नमामि गंगे कार्यक्रममा खर्च गरिने बताउनुभएकोछ।

---

***जि एस टी सुधार खाद्य उत्पाद***

वस्तु तथा सेवा कर- जि एस टी सुधारहरू भारतको अर्को पुस्ताको अप्रत्यक्ष कर प्रणालीलाई सरल बनाउने दिशामा एक महत्वपूर्ण कदम हो। यस महिनाको 22 तारिखबाट लागू भएको जि एस टी सुधारहरूबाट अब मानिसहरूले लाभ उठाउन सक्छन्। नयाँ ढाँचा अन्तर्गत, जि एस टी परिषदले 5,12,18 र 28 प्रतिशतको अघिल्लो चार- स्तरीय संरचनालाई 5 प्रतिशत र 18 प्रतिशतको दुई- स्तरीय संरचनामा सरल बनाएको छ। विभिन्न वस्तु तथआ सेवाहरूमा कर को दर घटाउने यी सुधारहरूले जनतालाई उल्लेखीय राहत प्रदान गरिरहेका छन्।

---

***जम्मू कश्मीर- माता वैष्णो देवी यात्रा***

जम्मू कश्मीरमा, सोमबार नवरात्र शुरू भएदेखि नै 32,000 भन्दा बढ़ी भक्तजनहरूले त्रिकुटा पहाडको टुप्पोमा अवस्थित श्री माता वैष्णो देवीको गुफा मन्दिरको दर्शन गरेका छन्। तीर्थयात्रा सुचारू रूपमा चलिरहेको छ। देशभरबाट आउने भक्तजनहरूका लागि सुरक्षित र आरामदायी तीर्थयात्रा अनुभव सुनिश्चित गर्न पिउने पानी केन्द्रहरू, चिकित्सा सहायता केन्द्रहरू, र भीड व्यवस्थापन

उपायहरू सहित थप सुविधाहरू प्रदान गरिएको छ। प्रहरी, सि आर पि एफ, अर्थसैनिक बलहरू र द्रुत प्रतिक्रिया टोलीहरू सम्मिलित बहु- स्तरीय सुरक्षा ग्रिड, उत्सवभरि लागी गरिएको छ। अगस्त 26 मा यात्रा मार्गमा पहिरो गएपछि 22 दिनसम्म स्थगित गरिएको तीर्थयात्रा सेप्टेम्बर 17 मा पुन शुरू भएको थियो।

---

***राष्ट्रपति- सांस्कृतिक शक्ति***

राष्ट्रपति द्रौपदी मुर्मुले आर्थिक शक्तिको रूपमा भारतको बढ्दो प्रतिष्ठासँगै सांस्कृतिक शक्तिको रूपमा भारतको पहिचानलाई सुदृढ़ पार्न सामूहिक प्रयासको आवश्यकतामा जोड़ दिनुभएको छ। नयाँ दिललीमा ललित कला अकादमीद्वारा आयोजित 64 औं राष्ट्रिय कला प्रदर्शनीमा बोल्दै राष्ट्रपतिले सांस्कृतिक सम्पदालाई समृद्ध बनाउन र समाजलाई अझ संवेदनशईल बनाउन कला एक शक्तिशाली माध्यम भएको बताउनुभयो। श्रीमती मुर्मुले यस वर्ष कलाकारहरूले बनाएका कलाकृतिहरूको बिक्रीलाई प्रवर्दधन गर्ने ललित कला अकादमीको निर्णयप्रति खुशी व्यक्त गर्नुभयो, यसले कलाकारहरूलाई आर्थिक सहयोग प्रदान गर्नेछ र देशको रचनात्मक अर्थतन्त्रलाई बलियो बनाउनेछ, उहाँले भन्नुभयो।

---

***गोयल भारत अमेरिका***

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले आगामी पाँच वर्षमा स्वच्छ ऊर्जा विस्तार गर्न भारत राम्रो स्थितिमा रहेको बताउनु भयोकोछ। न्यूयोर्कमा अमेरिका- भारत रणनीतिक साझेदारी मञ्चलाई सम्बोधन गर्दै श्री गोयलले सरकारले स्वच्छ ऊर्जा क्षमता 250 गिगावाटबाट 550 गिगावाट पुर्‍याउने लक्ष्य राखेको भन्नुभयो। उहाँले भारतको ऊर्जा सुरक्षा लक्ष्यमा अमेरिका साझेदार हुने बताउँदै सरकारले आगामी वर्षहरूमा ऊर्जा उत्पादनहरूमा अमेरिकासँग व्यापार विस्तार गर्ने आशा राखेको पनि भन्नुभयो।

---

***नशा मुक्त भारत अभियान***

सामाजिक न्याय तथा सश्क्तिकरण मन्त्रालयले नशा मुक्त भारत अभियान अन्तर्गत तीन- स्तरीय राष्ट्रिय प्रतियोगिता शुरू गरेकोछ। यो पहलले युवा, विद्यार्थी र समुदायका सदस्यहरूलाई लागूपदार्थको खराब प्रभावबारे जागरूकता उत्पन्न गर्न एकसाथ ल्याउनेछ। प्रधानमन्त्री नरेन्द्र मोदी र सामाजिक न्याय तथा अधिकारिता मन्त्री वीरेन्द्र कुमार, प्रतिगोगिताको समापन समारोहमा उपस्थित हुनेछन्। यो तीन- स्तरीय प्रतियोगिता जिल्ला राज्य केन्द्र शासित प्रदेश र राष्ट्रिय स्तरमा माई गोव प्लेटफर्ममा आयोजना गरिनेछ। मन्त्रालयले देशभरका युवा, विद्यार्थी र स्वयंसेवकहरूलाई यस पहलमा भाग लिन आमन्त्रित गरेको छ। अनलाइन क्विज भोलि माई गोव प्लेटफर्ममा शुरू हुनेछ। नशा मुक्त भारत अभियान अगस्त 15 2020 मा शुरू गरिएको थियो।

---

***मन्त्री परिषद आर्थिक मामिला***

मार्च 31, 2036 सम्म विस्तार गरिनेछ, जसको कुल परिव्यय 28 हजार करोड़ रूपियाँ हुनेछ। मन्त्री वैष्णवले भन्नुभयो। यो योजनाले भारतमा जहाज निर्माणलाई प्रोत्साहन गर्ने लक्ष्य राखेको छ। केन्द्रीय मन्त्रिपरिषदले आज 10.91 लाख रेलवे कर्मचारीहरूलाई 78 दिनको उत्पादकता- सम्बन्धित बोनसको रूपमा एक हजार 865 रूपियाँ बढ़ीको भुक्तानीलाई अनुमोदन गरेको छ।

---

***मन्त्रिपरिषद- आर्थिक मामिला***

केन्द्रिय मन्त्रिपरिषदले आज भारतको जहाज निर्माण र समुद्री पारिस्थितिक प्रणालीलाई पुनर्जीवित गर्न 69 हजार करोड़ रूपियाँको व्यावक प्याकेजलाई अनुमोदन गरेकोछ। नयाँ दिल्लीमा मिडियालाई जानकारी दिँदै, केन्द्रीय सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभयो प्याकेजले घरेलु क्षमता सुदृढ़ पार्न, दीर्घकालीन वित्तपोषणमा सुधार गर्न र ग्रीनफिल्ड तथा ब्राउनफिल्ड शिपयार्ड विकासलाई प्रवर्द्धन गर्न डिजाइन गरिएको चार- स्तम्भ विकासलाई प्रवर्द्धन गर्न डिजाइन गरिएको चार- स्तम्भ दृष्टिकोण प्रस्तुत गर्दछ। उहाँले भन्नुभयो यसले प्राविधिक क्षमता र सीपहरू पनि बढ़ाउनेछ र बलियो समुद्री पूर्वाधार निर्माण गर्न कानुनी, कर र नीतिगत सुधारहरू लागू गर्नेछ। श्री वैष्णवले भऩ्नुभयो प्याकेज अन्तर्गत, जहाज निर्माण वित्तीय सहायता योजना।

***आँधी रागासा***

सुपर टाइफुन रागासाले ताइवान, हङकङ, फिलिपिन्स दक्षिण चीनमा पूर्वाधार ध्वस्त पार्दै विनाश मच्चाएका छ। आँधी रागासाले ताइवानमा 14 जनाको मृत्यु भएको छ भने 18 जना धाइते भएका छन्। यसले ताइवानका पूर्वी, उत्तरी र दक्षिणी तटीय क्षेत्रहरूमा भारी वर्षा गराएकोछ। फिलिपिन्समा चार जनाको ज्यान गएकोछ। दक्षिण चीनमा पनि जनजीवन ठप्प भएको छ। चीनको राष्ट्रिय मौसम विज्ञान केन्द्रले सुन्तला चेतापनी जारी गरेको छ। आँधीले भारी वर्षा र तेज हावा ल्याउने अनुमान गरिएकोछ।

---

***वैष्णव- वन्दे भारत स्लीपर***

रेलवे मन्त्री अश्विनी वैष्णवले दुईवटा वन्दे भारत स्लीपर रेलहरू चाँडै सुरू हुने घोषणा गर्नुभएको छ। हिजो नयाँ दिल्लीमा मिडियालाई जानकारी दिँदै उहाँले पहिलो रेलले सबै परीक्षण र परीक्षणहरू गरिसकेको बताउनुभयो।

रेलवे मन्त्रीले अक्टोबर 1 देखि नोभेम्बर 15 सम्म आगामी चाडपर्वहरूमा बाह्र हजार विशेष रेलहरू चलाउने घोषणा पनि गर्नुभयो।

---

***जयशंकर उच्चस्तरीय बैठक***

विदेशमन्त्री डा. एस जयशंकरले 80 औं संयुक्त राष्ट्र महासभा सत्रको बेला आज न्यूयोर्कमा ग्लोबल साउथ देशहरूको उच्चस्तरीय बैठकको आयोजना गर्नुभयो। डा. जयशंकरले एकता र सहयोग बढ़ाउन भनि ग्लोबल साउथ देशहरू बीच परामर्शलाई प्राथमिकता दिन वर्तमान रहेका मंचहरूको उपयोग गर्न आहवान गर्नुभयो। उहाँले संयुक्त राष्ट्र संघ र समग्रतामा बहुपक्षवादमा सुधारहरूबारे पनि प्रस्ताव राख्नभयो।

---

***निर्वाचन आयोग- चुनाव***

निर्वाचन आयोगले आज जम्मू- कश्मीरबाट राज्यसभाका चार सीटहरूका लागि दिवार्षिक चुनावहरूको घोषणा गरयो। यी सबै सीटहरू 2021 देखि खाली थिए। आयोगले पंजाबबाट राज्यसभाको एक सीटका लागि उपचुनावको पनि घोषणा गरयो। चुनाव संबधी अधिसूचना आगामी महीनाको 6 तारीख जारी गरिनेछ भने मतदान र मतगणना, 24 अक्तुबरमा हनेछ।

---

***ए डि डि मन्त्रीमण्डल***

श्री वैष्णवले आर्थिक मामिलाको मन्त्रीमण्डलीय समितिले बिहारमा वरिव्तयारपुर राजगीर- तिलैया रेलवे लाईन खण्डको दोहरीकरणलाई 2 हजार, एक सय 12 करोढ़ रुपियाँको मंजूरी दिइएको पनि भन्नुभयो।

---

***राष्ट्रपत् वृन्दावन***

राष्ट्रपति द्रौपदी मुर्मु भोलि उत्तरप्रदेशको वृन्दावन जानुहुनेछ। त्यहाँ, आफ्नो एक दिवसीय प्रवासको बेला, उहाँले श्री बांके बिहारी मंदिर , निधित्व र कुब्जा कृष्ण मंदिरमा दर्शन अनि पूजा- आजा गर्नुहुनेछ।

---

***अन्त्यमा प्रमुख समाचार पुन एकपट***

- **केन्द्रीय मन्त्रीमण्डलले आज लगभग 95 हजार करोढ़ रूपियाँका 6 प्रस्तावहरूलाई मन्जूरी दिएकोछ।**
- **विदेशमन्त्री डा एस जयशंकरले 80 औं संयुक्त राष्ट्र महासभा सत्रको बेला आज न्यूयर्कमा ग्लोबल साउथ देशहरूको उच्चस्तरीय बैठकको आयोजना गर्नुभयो।**
- **राष्ट्रपति द्रौपदी मुर्मुले आर्थिक शक्तिको रूपमा भारतको बढ़दों प्रतिष्ठा संगै सांस्कृतिक शक्तिको रूपमा भारतको पहिचानलाई सुदृढ़ पार्न सामूहिक प्रयासको आवश्यकतामा जोढ़ दिनुभएकोछ। राष्ट्रपति भोलि उत्तरप्रदेशको वृन्दावन जानुहुनेछ।**
- **वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलले आगामी 5 वर्षमा स्वच्छ ऊर्जा विस्तार गर्न भारत राम्रो स्थितिमा रहेको बताउनुभएकोछ।**

- एशिया कप टि-20 क्रिकेट खेलको सुपर 4 मा आज भारतले, बंगलादेशको सामना गर्नेछ। दुबईमा राति 8 बजे यो खेल खेलिनेछ।